# सर्वोच्च अदालतबाट जारी प्रेस विज्ञप्ती

आज मिति २०७८ साल कार्तिक ७ गते विहान ११:०० बजे सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.ज्यूसँग नेपाल बार एशोसिएशनका अध्यक्ष श्री चण्डेश्वर श्रेष्ठ सहित कार्यसमितिका पदाधिकारीहरुबाट भेटघाट गरी सो अवसरमा अध्यक्षज्यू लगायतका पदाधिकारीहरुले हाल देखा परेको समस्या एवं तत् सन्दर्भमा बार एशोसिएशनले गरेका निर्णयसमेतका विषयमा ध्यानाकर्षणसहित आफ्नो धारणा प्रस्तुत गर्नुभयो। बार एशोसिएशनले प्रस्तुत गरेको धारणा र समसामयिक विषयहरु उपर गम्भीर रुपमा छलफल भएको थियो।

सो अवसरमा सम्माननीय प्रधान न्यायाधीशज्यूले न्यायपालिकाको स्वच्छता एवं अदालतप्रतिको आस्था र विश्वासमा कुनै किसिमको प्रतिकुल प्रभाव पर्न नदिन आफू प्रतिवद्ध रहेको र न्यायपालिकाको गरिमा बचाइराख्न संवेदनशील रहँदै क्रियाशिल रहने जानकारी गराउनुभयो।

नेपाल बार एशोसिएशनले विगतदेखि उठाउदै आएका न्यायपालिका सुधार सम्बन्धी विषय एवं सर्वोच्च अदालतबाट गठित समितिले दिएका प्रतिवेदनहरुको कार्यान्वयन तथा वरिष्ठ अधिवक्ताको उपाधी प्रदान गर्ने समेतका समसामयिक विषयको छलफललाई निरन्तरता दिने गरी भेटघाट कार्यक्रम सम्पन्न भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।=

मिति : २०७८।०७।०७।०१

बाबुराम दाहाल
प्रवक्ता